राप्ती सोनारी गाउँ कार्यपालिकाको

**मिति २०७९।०२।२३ गतेको कार्यपालिकाको वैठकको :**

**उपस्थिति:**

| कं स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तप्त बहादुर पौडेल | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३ | श्री यम बहादुर खड्का | वडा नं १ अध्यक्ष | |
| ४ | श्री ज्ञानेन्द्र राज ओली | वडा नं २ अध्यक्ष | |
| ५ | श्री मीन कुमार थारु | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री मीन राज खड्का सन्तोष | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री झगरु थारु | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री लवराज खरेल | वडा नं ६ अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | वडा नं ७ अध्यक्ष | |
| १० | श्री शालिकराम डाँगी | वडा नं ८ अध्यक्ष | शालिकराम |
| ११ | श्री शोहनलाल थारु | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री राधिका सुनार | महिला सदस्य | |
| १३ | श्री यम कुमारी वली | महिला सदस्य | यम |
| १४ | श्री गौत्रा कुमारी डाँगी | महिला सदस्य | गौत्रा |
| १५ | श्री सुमित्रा थारु | महिला सदस्य | |
| १६ | श्री थान बहादुर वि.क. | दलित सदस्य | |
| १७ | श्री केशवराज दमाइ | अल्पसंख्यक सदस्य | |
| १८ | सिंहराज डाँगी | प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्तावहरु

प्रस्ताव नं. १. नदिजन्य पदार्थको राजस्व निर्धारण र संकलनको आकर्षक स्कीम सम्बन्धमा ।

प्रस्ताव नं. २. आयोजना बैंक सम्बन्धमा ।

प्रस्ताव नं. ३. बजेट तर्जुमा सम्बन्धमा ।

प्रस्ताव नं. ४. सरोकारवालाहरु सँग नीति योजना तथा बजेट तर्जुमा सम्बन्धि गरिने छलफल सम्बन्धमा ।

मा छलफल गर्दा

प्रस्ताव नं ५ बिबिध

प्रस्ताव नं. १ मा छलफल गर्दा १९ र २० गते गाउँकार्यपालिकाको सम्पुर्ण सदस्यहरु रहेको टिम को नेतृत्व मा संचारकर्मी, सुरक्षाकर्मीहरु रहेको संयुक्त अनुगमन समुहले गरेको घाट गद्दी स्थलहरु र क्रसर उद्योग बाहिर रहेको घाटगद्दी को यसै साथ संलग्न लिस्ट बमोजिमको आर्थिक ऐन २०७८ बमोजिमको जरीवाना शुल्क तोक्ने निर्णय गरीयो ।

नोटः माथिको लिस्ट मा रहेका व्यवसायीहरुले निजलाई पुष्ट्याँई हुने कानुनी कागजातहरु एक हप्ता भित्र पेश नगरेमा सोको हकमा लगत्तै बस्ने अर्को कार्यपालिका बैठकबाट निर्णय गर्ने गरी सहमति गरियो ।माथिको निर्णय नं १ सँग सम्बन्धित कार्य गर्दा कार्यपालिकाको निर्णय बाहेक अन्य कुनै पनि तवरले गरिने छैन । प्रस्ताव नं १ माथि छलफल गर्दा घाट गद्दी स्थलहरु सँग सम्बन्धित कागजात एक हप्ता भित्र पेश नगरेमा सो स्थलहरुमा रहेको नदिजन्य सामाग्री जफत गरिने पनि निर्णय गरियो । कुनै पनि सम्झौता गर्न आउँदा वडाको सिफारिस अनिवार्य रुपमा लिएर आउनुपर्नेछ ।माथिका लिस्टमा नाप जाँच गरिएका घाट गद्दिहरुको सुरक्षार्थ र सुचना प्राप्तिको लागि आवश्यक हेरालु राख्ने निर्णय पनि गरियो।

प्रस्ताव नं. २ मा छलफल गर्दा गाउँपालिकाका महत्वपुर्ण योजनाहरुको जानकारीको लागि आयोजना बैंक स्थापना गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ३ मा छलफल गर्दामा छलफल गर्दा निति तथा कार्यक्रम छलफलका लागि ५ गते सम्म ल्याउने र १० गते गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ४ मा छलफल गर्दा सरोकारवालाहरुसँग निति योजना तथा बजेट तर्जुमा सम्बन्धि छलफल गरी राय सुझाव संकलन गर्ने र बिभिन्न देश भित्र र बाहिर रहेका सरोकारवालाहरुसँग बैठक बस्ने निर्णय गरियो।

प्रस्ताव नं ५ मा छलफल गर्दा निम्नानुसारका निर्णयहरु गरियो ।

- शिक्षा ऐन २०२८ अन्तर्गत गाँउ शिक्षा समितिमा गाँउ कार्यपालिकाबाट प्रतिनिधित्व हुने सदस्यहरुमा देहाय वमोजिमका कार्यपालिका सदस्यहरुलाई तोक्ने निर्णय गरियो ।
  - मिनराज खड्का
  - सुमित्रा कुमारी थारु
- सुरक्षित नागरिक आवास कार्यक्रमका सम्बन्धमा जानकारी दिने निर्णय गरियो ।

सिंह राज डाँगी
प्रमुख प्रशासकीय अधिकृत

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया बाँके
लुम्बिनी प्रदेश, नेपाल

- बडा गत रुपमा संकलन भएको राजश्व रकम बारे जानकारी गराइयो ।
- स्थानिय तहबाट सञ्चालित आयोजना तथा कार्यक्रमको अनुगमनको लागि उपाध्यक्षको संयोजकत्वमा ५ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण सम्बन्धि संयन्त्र गठन गरियो ।
- यस पालिकाबाट ठेक्का भई राजश्व बुझाउन बाँकी फर्म तथा कम्पनीहरुलाई यथाशिघ्र राजश्व बुझाउन पत्राचार गर्ने र समयमा राजश्व नबुझाएमा आवश्य कानुनी कार्वाहीको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

सिंह राज डाँगी
प्रमुख प्रशासकीय अधिकृत

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया,बाँके
लुम्बिनी प्रदेश,नेपाल